# महान्यायाधिवक्ताको कार्यालय

## नेपाल

(.......कर्मचारी प्रशासन....... शाखा)

रामशाहपथ, काठमाडौं


पत्र संख्या :- २०८३/०८४

चलानी नं. :- ६१३

मिति :- २०८३/६/२६

ने.सं. ११४६ कौलाथ्वः २

**विषयः निर्देशनात्मक आदेश कार्यान्वयन सम्बन्धमा।**

श्री उच्च सरकारी वकील कार्यालय(सबै)।
श्री विशेष सरकारी वकील कार्यालय, काठमाडौं।
श्री जिल्ला सरकारी वकील कार्यालय(सबै)।

उपर्युक्त सम्बन्धमा निवेदक ओम प्रकाश सेन ठकुरी समेत र विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत भएको उत्प्रेषणको रिट निवेदन(रिट न. ०७८-WO-०४९३) मा सर्वोच्च अदालतबाट मिति २०८३/०२/०५ मा जारी भएको निर्देशनात्मक आदेश कार्यान्वयनको लागि प्राप्त भएको फैसला कार्यान्वयन निर्देशनालयको च.न. १६८ मिति २०८३/०६/१५ को पत्र यसैसाथ संलग्न रहेको छ। त्यहाँ कार्यालयहरुले आफूसँग सम्बन्धित निर्देशनात्मक आदेश कार्यान्वयन गर्नुहुन आदेशानुसार अनुरोध छ।

वोधार्थः
नायब महान्यायाधिवक्ताज्यूको सचिवालय(सबै)।
श्री सूचना प्रविधि शाखाः *वेवसाइटमा अपलोड गरीदिनु हुन।*

२०८३।६।२६
तस बहादुर रावत
सहायक न्यायाधिवक्ता


☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@ag.gov.np, वेबसाइटः www.ag.gov.np

महान्यायाधिवक्ताको कार्यालय
नेपाल
मुल दर्ता नं.: ५४८६
दर्ता मिति: ०८३/०६/२०
फाँटको दर्ता नं.:

श्री सर्वोच्च अदालत

# फैसला कार्यान्वयन निर्देशनालय

२०६६

बबरमहाल, काठमाडौं
फोन नं.०१-४२५९६०२
फोन नं.०१-४२४८२५१
Web:www.supremecourt.gov.np
Email:jed@ supremecourt.gov.np

पत्र संख्याः ०८३/०८४
चलानी नं १६८

रिट नं ०७८-wo-०४९३ मिति २०८३/०६/१५

बिषयः आदेश कार्यान्वयन सख्त

श्री प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं।
(कानुन तथा फैसला कार्यान्वयन महाशाखा)
श्री गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं। (कानुन तथा फैसला कार्यान्वयन शाखा)
श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरबार, काठमाडौं।
(कानुन तथा फैसला कार्यान्वयन शाखा)
श्री अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं। (कानुन तथा फैसला कार्यान्वयन शाखा)
श्री पूर्वाधार विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं। (कानुन तथा फैसला कार्यान्वयन शाखा)
श्री शिक्षा तथा खेलकुद मन्त्रालय, सिंहदरबार, काठमाडौं।
(कानुन तथा फैसला कार्यान्वयन शाखा)
श्री स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, सिंहदरबार काठमाडौं।
(कानुन तथा फैसला कार्यान्वयन शाखा)
श्री महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ, काठमाडौं।
श्री प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौं।

उपरोक्त सम्बन्धमा निवेदक एडभोकेसी फोरममा कार्यरत अधिवक्ता ओम प्रकाश सेन ठकुरी समेत र विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत भएको रिट नं. ०७८-wo-०४९३ को उत्प्रेषणको रिट निवेदनमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०८३/०२/०५ मा भएको आदेश कार्यान्वयनको सम्बन्धमा प्रतिलिपी प्राप्त भई व्यहोरा अवगत भएकै होला। उक्त आदेश कार्यान्वयन गर्न भनी सर्वोच्च अदालतको च.नं.१०३९० मिति २०८३/०६/१३ को पत्र मार्फत फैसला/आदेश कार्यान्वयनको लागि फैसलाको प्रमाणित प्रतिलिपि प्राप्त भएको हुँदा प्रस्तुत पत्र लेखिएको छ।

पत्रमा अनिवार्य रुपमा मुद्दा नं. र बादी प्रतिवादीको नाम अनिवार्य रुपमा उल्लेख गरिदिनुहोला।

सम्मानित सर्वोच्च अदालतबाट मिति २०८३/०२/०५ मा भएको आदेशमा"... निवेदकहरूले माग गरेबमोजिमको परमादेशको आदेश जारी गरिरहनुपर्ने अवस्था नदेखिएकाले प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। तर, बालबालिकाको सर्वोत्तम हित कायम राख्दै बालन्याय प्रणालीको प्रभावकारी र सुदृढ कार्यान्वयन सुनिश्चित गर्न नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, अर्थ मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय र प्रहरी प्रधान कार्यालयलगायतका विपक्षी निकायहरूका नाममा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३ बमोजिम देहायबमोजिमको निर्देशनात्मक आदेश जारी गरिदिएको छः-

क) कानूनको विवादमा परेका बालबालिकालाई नियन्त्रणमा लिँदा, सोधपुछ गर्दा र अनुसन्धान गर्दा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा २१, २२ र २३ तथा बालन्याय सम्पादन कार्यविधि नियमावली, २०७६ का प्रावधानहरूको पालना गर्नु गराउनू। बालबालिकालाई नियन्त्रणमा लिँदा सादा पोसाकका सुरक्षाकर्मीको प्रयोग गर्ने, हत्कडी वा नेल नलगाउने, एकान्त थुनामा नराख्ने र परिवार तथा संरक्षकलाई तत्काल सूचना दिने व्यवस्थालाई कडाइका साथ लागू गर्नू।

ख) प्रत्येक मुद्दा चल्ने प्रहरी इकाइहरूमा सानातिना कसुरमा कानुनको विवादमा परेका बालबालिकालाई नियन्त्रणमा नराखी हाजिरजमानी वा दिशान्तर (diversion) को प्रक्रियालाई प्राथमिकताका साथ प्रयोग गर्न र यससम्बन्धी स्पष्ट मार्गदर्शन तयार गरी मातहतका प्रहरी इकाइहरूमा पठाउनू।

ग) सबै जिल्ला प्रहरी कार्यालयहरूमा वयस्क हिरासतभन्दा अलग, न्यूनतम सरसफाइ र शौचालयसहितको सुविधायुक्त बाल निगरानी कक्ष तथा बालन्यायसम्बन्धी तालिमप्राप्त प्रहरी कर्मचारी रहेको छुट्टै अनुसन्धान एकाइको क्रमशः विस्तार र सुदृढीकरण गर्दै लैजानू।

घ) जिल्ला सरकारी वकिल कार्यालयहरूमा बालबालिकाको बयान गराउँदा अनिवार्य रूपमा बालमैत्री र पीडितमैत्री कक्षको प्रयोग गर्नू र मानसिक तनाव वा डिप्रेसनमा रहेका बालबालिकालाई यातना दिने वा अमानवीय व्यवहार गर्ने कार्यलाई पूर्णतः शून्य सहनशीलता (zero tolerance) को नीति अपनाई रोक्नू साथै अनुसन्धान तथा अभियोजन अधिकारीहरूलाई बालन्याय र बाल मनोविज्ञानसम्बन्धी विशिष्टीकृत तालिम निरन्तर प्रदान गर्नू।

ङ) संविधानको धारा २०(९) र बालबालिकासम्बन्धी ऐनको मूल मर्मअनुरूप बालबालिका प्रतिवादी भएका मुद्दाहरूको अभियोजन र सुनुवाइ केवल बाल इजलास वा अधिकारप्राप्त बाल अदालतबाट मात्र हुने व्यवस्था मिलाउनू। बालबालिकाहरुलाई अभद्र व्यवहार जस्ता प्रशासनिक प्रकृतिका मुद्दा खडा गरी प्रमुख जिल्ला अधिकारी वा अन्य प्रशासनिक अधिकारीसमक्ष अभियोजन गर्ने परिपाटी पूर्ण रूपमा रोक्नू।

च) जिल्ला अदालतहरूमा बालबालिका संलग्न मुद्दाको सुनुवाइ गर्दा नियमित इजलासको साटो बाल इजलासको प्रयोग गर्नू र बयान, बकपत्र तथा थुनछेकका क्रममा मनोविद्, बाल हितकर्ता वा सामाजिक कार्यकर्ताको अनिवार्य उपस्थिति सुनिश्चित गर्नू।

छ) हाल सञ्चालनमा रहेका बालसुधार गृहहरूको भौतिक संरचना, क्षमता र न्यूनतम मापदण्डको मूल्याङ्कन गरी क्षमताभन्दा बढी बालबालिका राखिएका सुधार गृहहरूबाट अन्यत्र स्थानान्तरण वा क्षमता विस्तारको कार्य तुरुन्त व्यवस्था मिलाउनू।

ज) बालसुधार गृहमा रहेका बालबालिकाका लागि विश्व स्वास्थ्य सङ्गठन (WHO) को मापदण्ड र बढ्दो उमेरका बालबालिकाको शारीरिक आवश्यकतालाई ध्यानमा राखी खाद्यान्न तथा दैनिक सिदा खर्चको दरमा समयसापेक्ष पुनरावलोकन र वृद्धि गर्नू। स्वच्छ खानेपानी, सरसफाइ र नियमित स्वास्थ्य जाँचको उचित प्रबन्ध मिलाउनू।

झ) सुधार गृहमा रहेका बालबालिकालाई गुणस्तरीय औपचारिक शिक्षा प्रदान गर्न आवश्यक शिक्षक दरबन्दी, पुस्तकालय, तथा व्यावहारिक सीपमूलक तालिमको व्यवस्था गर्न र पठनपाठनको निरन्तरता सुनिश्चित गर्नू।

ञ) बालबालिकाको शारीरिक, मानसिक र बौद्धिक विकासका लागि सबै बालसुधार गृहहरूमा खेलकुद सामग्री, खेल मैदान, प्रशिक्षक र नियमित मनोरञ्जनात्मक तथा खेलकुद प्रतियोगिताहरूको आयोजना गर्नू।

ट) डिप्रेसन वा अन्य मानसिक समस्यामा परेका बालबालिकाका लागि सुधार गृहहरूमा नियमित मनोसामाजिक परामर्श सेवा (psychosocial counselling) उपलब्ध गराउनू र यस्ता बालबालिकाउपर कठोर वा अपमानजनक व्यवहार हुन नदिई विशेष संरक्षण प्रदान गर्नू।

ठ) बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७९ बमोजिम तोकिएका प्रोवेशन अधिकारीहरूलाई सक्रिय बनाई बालसुधार गृह तथा निगरानी कक्षहरूको नियमित अनुगमन, निरीक्षण र प्रतिवेदन पेस गर्ने कार्यलाई प्रभावकारी बनाउनू।

ड) बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ४३(४) को मर्मअनुरूप १८ वर्ष उमेर पूरा भएका व्यक्तिहरूलाई बालबालिकाबाट पूर्णतः अलग राख्ने कानुनी व्यवस्थालाई नौबस्ता र नुवाकोटका अतिरिक्त अन्य सुधार गृहहरूमा पनि कडाइका साथ र अनिवार्य रूपमा लागू गर्नू।

ढ) गृह मन्त्रालय र जिल्ला बालन्याय समितिमार्फत सुधार गृहहरूको आवधिक एवं आकस्मिक अनुगमन गरी प्राप्त सुझावहरूलाई प्राथमिकताका आधारमा कार्यान्वयन गर्नू/गराउनू।...." भन्ने समेत ब्यहोराको आदेश भएको छ।

अतः सम्मानित सर्वोच्च अदालतबाट मिति २०८३/०२/०५ मा जारी भएको निर्देशनात्मक आदेश कार्यान्वयन गरी गराई सोको जानकारी यथाशिघ्र यस निर्देशनालयलाई पठाउनुहुन निर्देशानुसार अनुरोध छ ।

(नुनेत्रहरी पौडेल)
शाखा अधिकृत